प्रदेश सरकार

# भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

## कर्णाली प्रदेश

वीरेन्द्रनगर, सुर्खेत, नेपाल

प.सं. : ०७६/७७

च.नं. :

मितिः २०७६।०८।०६

### चक्लावन्दी खेतीका लागि प्रस्ताव आव्हानको सूचना ।

प्रथम पटक प्रकाशित मिति- २०७६/०८/०८ गते

यस मन्त्रालयको चालु आर्थिक वर्ष २०७६/७७ को स्वीकृत बार्षिक कार्यक्रम अनुसार जग्गाको विभिन्न कित्ताहरु एकीकरणबाट जग्गाको चक्लाबन्दी गरी कृषि उत्पादन कार्य सञ्चालन गर्नका लागि ईच्छुक व्यक्तिहरुको समूह, सहकारी संस्था, कृषि उद्यमी, कृषि व्यवसायी, कृषक समुहहरु बाट यो सूचना प्रकाशित भएको मितिले ३० दिन भित्र कार्यालय समयमा कार्यक्रम कार्यान्वयन कार्यविधिमा उल्लेख भए अनुसारको ढांचामा दरखास्त, आयोजनाको विवरण सहितको संक्षिप्त व्यवसायिक योजना र तल उल्लेखित पेश गर्नु पर्ने अन्य कागजातहरु सहित सम्वन्धित जिल्लाका कृषि विकास कार्यालयमा (सुर्खेतको हकमा कृषि विकास निर्देशनालयमा) आवेदन पेश गर्नुहुन अनुरोध गरिन्छ । रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागि समावेश हुन नसक्ने व्यहोरा समेत जानकारी गराइन्छ । यस कार्यक्रम कार्यान्वयनका लागि स्वीकृत कार्यविधि यस मन्त्रालयको वेबसाईट molmac.karnali.gov.np वाट डाउनलोड गर्न सकिनेछ । अन्य थप जानकारीका लागि मन्त्रालयको टोल फ्रि फोन नं. १६६०८३५२०१२ मा वा यस मन्त्रालय अन्तर्गतका कृषि विकास कार्यालयहरुमा सम्पर्क गर्नुहुन अनुरोध छ ।

राजेन्द्र प्रसाद भारी
सचिव

आवश्यक कागजातहरु:

१. रु १० को हुलाक टिकट टांस गरेको अनुसूचि २ वमोजिमको निवेदन ।

२. माग निवेदनका साथ फर्म वा संस्थाको हकमा प्रचलित कानुन वमोजिम दर्ता नविकरण भएको प्रमाणपत्र, स्थायी लेखा नम्वर, कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी एक एक प्रति ।

३. संस्थाको हकमा कार्यसमितिको वैठकले चक्लाबन्दी कार्यक्रम सञ्चालनका लागि माग गरेको निर्णयको प्रमाणित प्रतिलपी ।

४. चक्लाबन्दी कार्यक्रम सञ्चालन गर्न विभिन्न व्यक्तिहरुको समूहको हकमा कम्तीमा ५ बर्षको कार्यक्रम सञ्चालनको ५ बर्षको प्रतिबद्धतापत्र र आवेदकहरुको नेपाली नागरिकताको प्रमाणित प्रतिलिपी ।

५. कार्यक्रम सञ्चालनका लागि दफा ५ बमोजिमको जग्गाको क्षेत्रफल सहितको जग्गाधनी प्रमाणपत्रको प्रतिलीपी ।

६. जग्गाधनि लालपुर्जा नभएको अवस्थामा सम्वन्धित ब्यक्तिले भोगचलन गर्दै आएको स्थानिय निकायबाट प्रमाणित आधिकारिक प्रमाणपत्रको प्रतिलिपि ।

७. भौतिक निर्माण कार्यको लागत अनुमान तथा डिजाइन

८. सम्बन्धित कार्यालयले तोकेको ढांचामा तयार गरिएको अनुसुचि ३/४ अनुसारको प्राविधिक र आर्थिक प्रस्ताव तथा संक्षिप्त व्यावसायिक कार्ययोजना समेत ।

९. चक्लाबन्दी कार्यक्रम सञ्चालन गर्ने जग्गाको कित्ता खुलेको नक्शा र जग्गाको फोटो वा गुगल म्याप ।